नेपाल नागरिक उड्डयन प्राधिकरण

# सिमरा नागरिक उड्डयन कार्यालय

## विमानस्थल क्षेत्रभित्र विज्ञापन बोर्ड राख्ने सम्बन्धी बोलपत्र आहवानको सूचना २०८०/८१

प्रकाशित मिति : २०८०/०५/०७

यस विमानस्थल क्षेत्रभित्र टर्मिनल भवनको बाहिर विभिन्न स्थानमा सिलबन्दी बोलपत्रको माध्यमद्वारा विज्ञापन बोर्ड राख्नको लागि ठेक्का बन्दोबस्त मार्फत दिनुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/संस्थाहरुबाट निम्नअनुसारको रीत पुगेको सिलबन्दी बोलपत्र आहवान गरिन्छ। बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन शाखाबाट खरिद गरी ३१ औं दिनको १२ बजेभित्र प्रशासन शाखामा दर्ता गराउनु पर्नेछ। बोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा लगत्तै कार्यालय खुलेको दिन तत् समय भित्र फाराम खरिद तथा दर्ता गराउन सकिनेछ। दर्ता हुन आएका शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको रहोवरमा खोलिने छ। बोलपत्रदाता उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

(१) ठेक्कामा भाग लिन इच्छुक फर्म/संस्था/कम्पनीले आफ्नो इजाजतपत्र र फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) प्यान/मु.अ.कर दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ।

(२) बोलपत्र फाराम रु ३३९०।- (तीन हजार तीन सय नब्बे मात्र) (मु.अ.कर समेत) (पछि फिर्ता नहुने गरी) नेपाल नागरिक उड्डयन प्राधिकरणको बिशालबजार स्थित राष्ट्रिय वाणिज्य बैङ्कको राजश्व खाता नं १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचर पेश गरी यस कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ।

(३) बोलपत्रमा आफूले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ।

(४) सम्झौताको अवधि ५ बर्षको हुनेछ। बोलपत्रदाताले आफूले ५ बर्षको लागि कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम जमानत वापत सिमरा नागरिक उड्डयन कार्यालयको नाममा रहेको एभरेष्ट बैंक स्थित धरौटी खाता नं. ००७००१०५०००१५२ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको नियमानुसारको बैङ्क जमानत बोलपत्र साथ संलग्न राखी सिलबन्दी गरी खाम बाहिर बोलपत्र पेश गर्नेको पुरा नाम, ठेगानाको साथै "विमानस्थलभित्र विज्ञापन बोर्ड राख्ने सम्बन्धी सिलवन्दी बोलपत्र फाराम" लेखि यस सिमरा नागरिक उड्डयन कार्यालयको नाउँमा तोकिएको म्यादमा, तोकिएको समयभित्र प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ। धरौटी जमानतको मान्य अवधि १२० दिनको हुनुपर्नेछ। नाघी आएमा वा अन्य रीत नपुगी प्राप्त हुन आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

(६) कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

(७) बोलपत्र स्वीकृत भएमा स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र कबोल रकमको २५ प्रतिशतले हुन आउने रकम कार्यसम्पादन जमानत बापत सिमरा नागरिक उड्डयन कार्यालयको नाममा रहेको एभरेष्ट बैंक स्थित धरौटी खाता नं. ००७००१०५०००१५२ मा जम्मा गरी सो को सक्कल भौचार वा सो रकम बराबरको कम्तिमा ५ वर्ष ६ महिना अवधि भएको कानूनबमोजिमको बैङ्क जमानत र कवोल गरेको रकमको प्रथम किस्ता बापतको रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको बिशालबजार स्थित राष्ट्रिय वाणिज्य बैङ्कको राजश्व खाता नं १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ। म्यादभित्र सम्झौता गर्न नआएमा सो वापत राखेको धरौटी रकम जफत गरिनेछ। यसरी जमानत जफत गरिसकेपछि दोस्रो वढी कवोल गर्ने कबोल गर्नेलाई दिन सकिनेछ।

(८) विज्ञापन बोर्ड राख्ने स्थान, बोर्डहरूको Size र क्षेत्रफल सम्बन्धी विवरण तथा बुझाउनुपर्ने किस्ताको Schedule कार्यालयको सूचना पार्टी र Website मा राखिएको छ। रीत पुगी सबैभन्दा बढी रकम कबोल गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत गरिने छ।

(९) विमानस्थलभित्र विज्ञापन बोर्ड राख्ने सम्बन्धी ठेक्काको पाँच बर्षको लागि न्यूनतम मूल्य रु ५१,३८,०५०/-(अक्षरुपी एकाउन्न लाख अठ्तिस हजार पचास मात्र) हुनेछ। न्यूनतम भन्दा कम रकम कबोल गर्ने बोलपत्र उपर कारवाही गरिने छैन। कबोल गरेको रकमलाई १५ (पन्ध्र) किस्ता कायम गरी चौमासिक रुपमा अग्रिम रुपमा बुझाउनुपर्नेछ।

(१०) यस सम्बन्धमा कुनै जानकारी लिनु परेमा वा विज्ञापन बोर्ड राख्ने स्थानहरू हेर्न चाहेमा कार्यालय समयभित्र यस कार्यालय प्रशासन शाखामा सम्पर्क राखी जानकारी लिन वा हेर्न सकिनेछ। साथै थप विवरण यस कार्यालयको Website:simara.caanepal.gov.np र नेपाल नागरिक उड्डयन प्राधिकरणको Website:caanepal.gov.np मा समेत हेर्न सकिनेछ।

(११) यसमा उल्लेखित नभएका अन्य कुराहरुका हकमा नेपाल नागरिक उडडयन प्राधिकरण, आर्थिक नियमावली, २०५७ वा नेपाल सरकारको प्रचलित ऐन नियमअनुसार हुनेछ ।

शर्तहरू:

१. बोलपत्रसाथ देहायका कागजातहरु (नवीकरण सहित) संलग्न हुनु पर्नेछ। कार्यालयले मागेको बखत आफूले पेस गरेको प्रतिलिपिको सक्कल कागजातहरु पेस गर्नुपर्नेछ।

(क) फर्म दर्ता प्रमाणपत्र,

(ख) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आर्थिक वर्ष २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/ म्याद थप भएको प्रमाण,

(घ) व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व/घोषणापत्र,

( ङ) प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउने छैन।

२. कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी रकम सिमरा स्थित एभरेष्ट बैक मा रहेको यस कार्यालयको धरौटी खाता नम्बर ००७०००१०५०००१५२ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond)बोलपत्रसाथ पेस गर्नु पर्नेछ।

३. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री सिमरा नागरिक उड्डयन कार्यालय, लाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

४. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. रीत नपुगी, म्याद नाघी, शर्त राखी वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

६.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. विज्ञापन बोर्ड राखको लागि पाँच बर्षको लागि न्यूनतम मूल्य Package A को लागि रु ५१,३८,०५०/-(अक्षरुपी एकाउन्न लाख अठ्तिस हजार पचास मात्र) हुनेछ। साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम बुझाउनु पर्नेछ ।

८. ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ।

९. सुरक्षा निकायबाट प्राप्त सुरक्षा सम्वन्धी निर्देशन तथा कार्यालयले समय-समयमा दिएको निर्देशनहरु सञ्चालकले निःशर्त र अनिवार्यरुपमा पालना गर्नु पर्नेछ ।

१०. देहाय बमोजिम नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैनः-

क) तोकिएको समयभित्र दाखिला हुन नआएको,

ख) सिलबन्दी भई नआएको,

ग) कबोल अंकको ५% भन्दा घटी धरौटी दाखिला गरेको वा बैंक ग्यारेन्टी रकम कम भएको वा तोकिएको मान्य अवधि पूरा नभएको,

घ) बोलपत्र पेस गर्ने आधिकारिक व्यक्ति/फर्मको दस्तखत र छाप नभएको,

ङ कार्यालयबाट बिक्री भएको बोलपत्र फाराम भरी नआएको,

छ) बोलपत्रमा शर्त राखी पेस भएको,

ज) बोलपत्रको शर्त नम्बर १ मा उल्लेख भए बमोजिम कागजातहरु पेस नभएमा।

११. प्राप्त भएका बोलपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई सारभूत रुपमा प्रभावग्राही देखिंएको बोलपत्र छनौट गर्ने सम्बन्धी ७ दिनको आशयको सूचना प्रकाशन गरिनेछ र सोको जानकारी सम्पूर्ण बोलपत्रदातालाई गराइनेछ ।

१२. आशयको सूचनामा तोकिएको समयभित्र कुनै पनि फर्म/कम्पनीबाट उजुरी प्राप्त नभएमा छनौट भएको बोलपत्र स्वीकृत गरी नियमानुसार सम्झौता गर्न आउनको लागि सूचना दिइनेछ। सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्रदाताले ३ वर्षको लागि कबोल गरेको कुल रकमको प्रथम किस्ता वापत हुन आउने रकम राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नम्बर १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचरकासाथ सम्झौताको लागि सम्पर्क राख्न आउनु पर्नेछ । तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी/बैंक जमानत(Bid Bond) जफत गरिनेछ ।

१३.बोलपत्रदाताले कबोल गरेको ३ वर्षको बहाल रकमको २५ (पच्चीस) प्रतिशतले हुन आउने रकम कार्यालयको सिमरा स्थित एभरेष्ट बैंक मा रहेको धरौटी खाता नम्बर ००७००१०५०००००१५२ मा दाखिला गरेको सक्कल भौचर वा क वर्गको वाणिज्य बैंकबाट जारी भएको ५ वर्ष ६ महिना मान्य अवधि भएको कार्यसम्पादन जमानत (Performance Bond) पेस गरेपछि सम्झौता गरिनेछ। स्थायी सम्पत्ति/जायजेथा जमानत लिईने छैन ।

१४. मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाता म्यादभित्र सम्झौता गर्न नआएमा निज बोलपत्रदाताको Bid Securities जफत गरी निज पछि छनौट भएको दोस्रो, तेस्रो क्रमानुसारका बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता गरिनेछ ।

१५. कार्यालय र फर्म/कम्पनी बीच भएको सम्झौता अनुसारको बहाल रकमको चौमासिक किस्ता भुक्तानी गर्दा प्रचलित नियमानुसार कर वापतको रकम नेपाल सरकारको सम्बन्धित राजस्व खातामा दाखिला गरी सोको सक्कल भौचर र बाँकी रकम राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नम्बर १०९०१०००६४९१७००१ मा दाखिला गरेको सक्कल भौचर कार्यालयमा पेस गर्नुपर्नेछ। सो बाहेक नेपाल सरकारलाई कुनै कर बुझाउनु पर्ने भनी तोकिएको ठेक्का कर, आयकर तथा मूल्य अभिवृद्धि कर र पछि कुनै कर दस्तुर तिर्नुपर्ने तथा लाग्ने भएमा सो समेत फर्म/कम्पनीले नै बुझाउनु पर्नेछ ।

१६. किस्ता रकम अग्रिम रुपमा किस्ता शुरु हुनु अगावै कार्यालयमा दाखिला गर्नुपर्नेछ। तोकिएको समयभित्र किस्ता रकम दाखिला नगरेमा धरौटी/कार्यसम्पादन जमानतबाट कट्टा गरी किस्ता रकमको हिसाब मिलान गरिनेछ। यसरी हिसाब मिलान गर्दा धरौटी/कार्यसम्पादन जमानतमा कमी हुन आएमा कमी हुन आएको रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ। पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा गरेर मात्र सेवा सञ्चालन गर्नुपर्नेछ। पूरै धरौटी/कार्यसम्पादन जमानत रकम जम्मा नभएको खण्डमा सेवा सञ्चालनमा रोक लगाइनेछ।

१७.सम्झौता सम्पन्न भएपश्चात् प्रचलित ऐन, नियम तथा कानूनमा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ । यसरी संशोधन हुँदा शूल्क/दस्तुरमा परिवर्तन आएमा परिवर्तित दस्तुर लागू हुनेछ ।

१८. फर्म/कम्पनीले प्रयोग गर्ने स्थानमा कार्यालयले तोकिदिएको प्राविधिकको उपस्थितिमा आफ्नै खर्चमा सवमीटर जडान गर्नुपर्नेछ। फर्म/कम्पनीले सेवा सञ्चालन गर्दा प्रयोग हुने विधुत शुल्क तथा टेलिफोन सेवा शुल्कको हकमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७ बमोजिम भुक्तानी गर्नुपर्नेछ। विधुत तथा टेलिफोनको प्रयोग गरे वापत कार्यालयले उपलब्ध गराएको बिल बमोजिमको शुल्क बिल प्राप्त भएको मितिले ७ (सात) दिनभित्र भुक्तानी गर्नुपर्नेछ ।

१९ .बोलपत्र सम्बन्धी कागजातमा तोकिएका सबै शुल्कहरु तोकिएको समयमै भुक्तानी नगरेमा म्याद भुक्तान भएको साठी दिनसम्म प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ र साठी दिनपछि विलम्व शुल्कसहितको बक्यौता रकममा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत थप गरी असूल गरिनेछ।

२०. कार्यालयले तोकिदिएको क्षेत्रभन्दा बाहिर कुनै सामान राख्न वा प्रदर्शन गर्न पाईने छैन। सेवा सञ्चालनको लागि कार्यालयबाट फर्म/कम्पनीलाई कुनै पनि सामान उपलब्ध गराइने छैन।

२१. सेवा सञ्चालन गरेको स्थान वरिपरि सधै सफा र आकर्षक बनाई राख्नु पर्नेछ। उक्त स्थानवाट निस्कने फोहरजन्य पदार्थहरु एक ठाउँमा जम्मा पारी निर्दिष्ट स्थानमा लगेर आफैले फोहोर व्यवस्थापन गर्नुपर्नेछ।

२२. सुरक्षा वा अन्य कारणले तत्काल वा निश्चित समयको लागि बोलपत्रमा उल्लिखित स्थानबाट बोर्ड हटाउनु परेमा कार्यालयले हटाउन आदेश दिन सक्नेछ। यसरी आदेश पाएमा सो आदेशको पालना अनिवार्य र नि:शर्त रुपमा गर्नुपर्नेछ र सो अवधिभर वहाल भुक्तानी गर्नुपर्ने छैन।

२३. सेवा सञ्चालनको लागि उपलब्ध गराएको स्थान कार्यालयलाई नै आवश्यक परी खाली गराउनुपर्ने अवस्था विद्यमान भएमा कम्तीमा ३५ दिनको अग्रिम सूचना दिएर मात्रै सम्झौताको अन्त्य गरी स्थान खाली गराउन सक्नेछ।
२४. सम्झौता गर्दाको अवस्थामा आधारभूत परिवर्तन भई सम्झौताको परिपालना गर्न असम्भव भएमा दुवै पक्षको सहमतिमा सो अवधिसम्मको हिसाब फरफारक गरी सम्झौताको अन्त्य गर्न सकिनेछ।
२५. उडान सुरक्षा, हवाई सुरक्षा र यात्रु सेवा सुविधा सम्बन्धमा कार्यालयले दिएको आदेश तत्काल निःशर्त पालना गर्नुपर्नेछ।
२६. तोकिएको स्थान प्रयोग गर्दा अन्य निकायहरुको कार्यमा बाधा नपर्ने गरी गर्नुपर्नेछ।
२७. बहालमा लिइएको स्थानमा कानुनद्वारा निषेधित वस्तु वा कार्यको विज्ञापन गर्न पाईने छैन र विज्ञापन राख्नुपुर्व अनिवार्य रुपमा कार्यालयको स्वीकृति लिनुपर्नेछ।
२८. टर्मिनल भवनभित्र डीजिटल बोर्ड मात्रै राख्न पाईने छ।
२९. फर्म/कम्पनीले बहालमा लिएको स्थानमा विद्युतीय सामग्रीहरुको जडानमा गुणस्तरीय सामान प्रयोग गर्नुपर्नेछ र बेला बेलामा कार्यालयका प्राविधिक कर्मचारीबाट निरीक्षण गराई सोको लगबुक राख्ने व्यवस्था मिलाउनुपर्नेछ।
३०. बहालमा लिएको स्थान प्रयोग गर्ने क्रममा फर्म/कम्पनीको लापरवाहीबाट कुनै क्षति भएमा सो क्षतिको क्षतिपूर्ति कार्यालयलाई तिर्नुपर्नेछ।
३१. सम्झौताको कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा मध्यस्थता ऐन, २०५५ बमोजिम विवादको समाधान गरिनेछ।
३२.बोलपत्र सम्बन्धी कागजातमा नपरेका कुराको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी ऐन, नियम तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।
३३. बोलपत्र सूचनामा उल्लिखित शर्तहरु यसै बोलपत्र सम्बन्धी कागजातहरुमा उल्लेख भएका शर्तहरु सरह मान्य हुनेछन्।
३४. बोलपत्र फारामका शर्तहरुमा नपरेका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

## विज्ञापन बोर्ड राख्नको लागि स्थान, बोर्डको संख्या, क्षेत्रफल तथा न्यूनतम मूल्यः

**Package A**

| S.N. | Board Size | Qty | Area | Price Per Year (Excluding VAT) | Remarks |
|---|---|---|---|---|---|
| 1 | 15ft*8ft (11.15 sq mtr) | 8 | East of vehicle parking area (North South Line) | 6,42,240/- | |
| 2 | 12ft*8ft (8.92 sq mtr) | 1 | East of vehicle parking area (North- South Line/ Near entrance gate) | 64,250/- | |
| 3 | 15ft*8ft (11.15 sq mtr) | 4 | South of vehicle parking and outside garden (East-West Line) | 3,21,120/- | |
| **Total Price Per Year** | | | | 10,27,610/- | |
| **Total Price for Five Years (NPR Excluding VAT)** | | | | **51,38,050/-** | |
| Fifty One lakh thirty Eight thousand and fifty only. | | | | | |

## Revenue Schedule

| किस्ता नं | किस्ता बुझाउनुपर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|
| १ | सम्झौता अगावै | बोलपत्रदाताले आफुले पाँच बर्षको लागि कबोल गरेको रकमलाई पन्ध्र किस्ता कायम गरी यो तालिका बमोजिम बुझाउनुपर्नेछ। |
| २ | २०८० पुस मसान्त | |
| ३ | २०८१ बैशाख मसान्त | |
| ४ | २०८१ भदौ मसान्त | |
| ५ | २०८१ पुस मसान्त | |
| ६ | २०८२ बैशाख मसान्त | |
| ७ | २०८२ भदौ मसान्त | |
| ८ | २०८२ पुस मसान्त | |
| ९ | २०८३ बैशाख मसान्त | |
| १० | २०८३ भदौ मसान्त | |
| ११ | २०८३ पुस मसान्त | |
| १२ | २०८४ बैशाख मसान्त | |
| १३ | २०८४ भदौ मसान्त | |
| १४ | २०८४ पुस मसान्त | |
| १५ | २०८५ बैशाख मसान्त | |